सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ८ ♦ अंक १३७ ♦ २०८१ साल पुस १२ गते शुक्रबार ♦ 27 Dec 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# ऋणीलाई सूचना नदिई धितो लिलाम गरेपछि बैंकमा तालाबान्दी, कर्मचारी प्रहरी नियन्त्रणमा

**खबर दर्पण समाचारदाता**

**पुस ११ गते, बर्दिवास**

बैंकका कर्मचारीले ऋणीलाई बिना कुनै सूचना जग्गा लिलाम गरेको विषयमा विवाद हुँदा एक बैंकमा तालाबन्दी र अर्को बैंकका शाखा प्रबन्धक तथा ऋण अधिकृतलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

जनकपुरधामको मिल्स एरियास्थित सिद्धार्थ बैंकमा जग्गा लिलामीको विषयमा विवाद हुँदा प्रहरीले सो शाखाका प्रबन्धक र लोन अधिकृतलाई नियन्त्रणमा लिएको हो। सिरहास्थित लहान - २२ का रामचन्द्र यादवको दुई करोड मूल्यको घर घडेरी ४५ लाखमै लिलाम गरेपछि किसानहरू आक्रोशित भएर कृषि विकास बैंकको लहान शाखामा तालाबन्दी गरेका छन्।



**यस्तो छ जनकपुरधाम स्थित सिद्धार्थ बैंकको विवाद**

एक जना जनकपुरधामका व्यापारीले सिद्धार्थ बैंकबाट लिएको ऋण चुक्ता गर्न जाँदा बैंकले ऋणीको जग्गा लिलाम गरेको थाहा पाएपछि बिहिबार विहानैदेखि बैंक क्षेत्रमा स्थानीय व्यापारीहरुले विरोध गरेका छन् । विरोध प्रदर्शनमा उत्रिएपछि प्रहरीले बैंकको प्रबन्धक अर्ण बलम्पाकी र लोन अधिकृतलाई नियन्त्रणमा लिएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक बरुणबहादुर क्षेत्रीले जग्गा लिलामीको विषयमा मिल्स एरियामा रहेको सिद्धार्थ बैंकको

बाँकी पृष्ठ २

# एनपिएलको विजेता टिम जनकपुर बोल्ट्स जनकपुरधाम आइपुगे, मधेसको ८वटै जिल्लामा विजयउत्सव निकाल्ने

**खबर दर्पण समाचारदाता**

**पुस ११ गते, जनकपुरधाम**

नेपाल प्रिमियर लिग (एनपीएल)को विजेता जनकपुर बोल्ट्स टिम आज साँझ जनकपुरधाम आइपुगेका छन् । जनकपुर बोल्ट्स टिम आज साँझ ८:४५ मा जनकपुर विमान स्थलमा आइपुगेको हो । टिमलाई स्वागत गर्न प्रशंसकहरुको भीड लागेको छ। टिमलाई शुक्रबार रजौलस्थित रामजानकी अन्तर्राष्ट्रिय रंगशालाबाट सम्मानमा नगर परिक्रमा गरिने जिल्ला क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डे (गुड्डु)ले जानकारी दिए। उनले जानकी मन्दिरमा ट्रफी समेत प्रदर्शन गरिने बताए ।




जनकपुर बोल्ट्सले मधेश प्रदेशका सबै जिल्लामा विजयउत्सव पनि गर्ने भएको छ । विजयउत्सवको शुरूवात र अन्त्य जनकपुरधामबाटै गरिने छ ।

जनकपुर बोल्ट्सका प्रबन्ध निर्देशक निरज खतिवडाले मधेश प्रदेशको आठवटै जिल्लामा विजयउत्सव निकालिने जानकारी दिए ।

प्रबन्ध निर्देशक खतिवडाले शुक्रबार पहिलो दिन जनकपुर धामको जानकी मन्दिर, शनिबार दोस्रो दिन महोत्तरीको जलेश्वर, सर्लाही र रौतहट, आइतबार तेस्रो दिन बारा र पर्साको वीर गञ्ज र सोमबार चौथो दिन सिरहा र सप्तरीको राजविराजमा ट्रफि परेड गरिने जानकारी समेत दिए ।

# ट्राफिक नियमको पूर्ण पालनाले दुर्घटनामा न्युनिकरण हुने :मेयर क्षेत्री



**खबर दर्पण समाचारदाता**

**पुस ११ गते, बर्दिवास**

बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले ट्राफिक नियमको पूर्ण रुपमा पालना गन र्सके दुर्घटनामा न्युनिकरण गर्न सकिने बताएका छन् ।


महोत्तरीको बर्दिवासमा बिहिवार बर्दिवास नगरपालिकाको सहकार्यमा जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीले सामुदायिक विद्यालयका विद्यार्थीलाई दुर्घटना न्यूनीकरण गर्न ट्राफिक सचेतना उद्घाटन समारोहलाई सम्बोधनगर्ने क्रममा उनले

बाँकी पृष्ठ ३ मा


शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# ऋणीलाई सूचना नदिई धितो लिलाम गरेपछि .....

शाखामा जग्गा लिलामीको विषयमा व्यापारी तथा स्थानीय प्रदर्शन गरिरहेको खबर पाएर उनीहरुलाई सुरक्षित राख्नका लागि नियन्त्रणमा लिएको जानकारी दिए ।

जनकपुरधामको भ्रमरपुरा चोकमा रहेको लक्ष्मी ट्रेडर्स संचाल गर्दै आईरहेका दिनेश र ाय कुर्मीले सिद्धार्थ बैंकको मिल्स एरिया शाखाबाट ३५ लाख रुपैयाँको विजनेश लोन र भाउजुको नाममा महेन्द्रनगर स्थित सिद्धार्थ बैंकको शाखाबाट ४५ लाखको व्यक्तिगत लोन लिएका थिए ।

दूबै लोनको ब्याज आफूले समय समयमा बुझाउँदै आएको तर बीचमा केही महिना परिवारका एक जना सदस्यलाई प्यारालाईसीस भएर चेकजाँच गराउन बाहिर गएको समय बैंकले आङ्गन नो जग्गा बेचेको ऋणी रायको आरोप छ। उनले करोडौंको मूल्यको आफ्नो जग्गा बैंकले बिना जानकारी बेचेको थाहा पाएपछि जनकपुरधाम उद्योग वाणिज्य संघमा निवेदन दिएर सहयोगका लागि आग्रह गरेका थिए । त्यसपछि उद्योग वाणिज्य संघ जनकपुरधामका अध्यक्ष, स्थानीय व्यापारीहरु बैंकमा गएर बुझ्दा बैंकले २४ घण्टा भित्र एक मुष्ठ रकम जम्मा गरे जग्गा फिर्ता दिने प्रतिबद्धता गरेको उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जानकारी दिए ।

पछि बैंकले आनाकानी गर्न थालेको र मालपोतमा गएर बुझ्दा त्यो जग्गा अर्काको नाममा पास भईसकेको जानकारी पाएको अध्यक्ष भण्डार ीले जानकारी दिए । अध्यक्ष भण्डारीले वडाअध्यक्षसँग समन्वय गर्न खोज्दा वडाअध्यक्षले आफूलाई यसबारे कुनै जानकारी नभएको बताए ।

अध्यक्ष भण्डारीले मालपोत, सिद्धार्थ बैंकको मिलेमतोमा यस किसिमको कार्य भएको आरोप लगाए । अध्यक्ष भण्डारीले यस सन्दर्भमा जिल्ला प्रहरी कार्यालय पुग्दा एसपीले सन्तोषजनक प्रतिक्रिया नदिएकोले प्रहरीको समेत मिलेमतो हुन सक्ने बताए ।

### लहान कृषि विकास बैंकको विवाद पनि त्यस्तै

लहान २२ का रामचन्द्र यादवले कृषि विकास बैंकको लहान शाखाबाट ४५ महिनाअघि लिएको तीस लाख ओडी ऋणको मंसिर १८ गते अन्तिम किस्ता तिरेकोमा उनको लहान १ पूर्वपश्चिम जाने राजमार्गमा र हेको सवा सात धुर जग्गामा र हेको बाह्र कोठे घर पुस १ गते लिलामी गरेपछि किसानहरू सङ्गठित भएर कृषि विकास बैंकमा दवाव दिँदै आइरहेका छन् । चार दिन अगाडि कृषि विकास बैंक लहान शाखामा पुगेका किसानहरूलाई बिहीबारसम्म जग्गा फिर्ताको लागि पहल गरिने आश्वासन अनुसार फिर्ता गराउने कुनै पहल नभएपछि आक्रोशित किसानहरूले तालाबन्दी गरेको स्थानीय किसान नेता बालेश्वर यादवले बताए ।

गत मंसिर महिना १८ गते किस्ता बुझाएको पीडित किसान रामचन्द्र यादवले पुस १ गते ४५ लाखमा सुनसरी भोक्राका तारा रौनियारले लिलामी थामेर मालपोत कार्यालय लहानमा र जिष्ट्रेसन पास भईसकेको जानकारी मालपोत कार्यालयले मोवाइलमा म्यासेजबाट खबर पाएको पीडित किसान यादवले सुनाए ।

यादवले भने, 'तीस लाख ऋण १९ लाखसम्म तिरिसकेको छु । ढिलो चाँडो किस्ता तिर्दै आइ रहेको छु । गाउँको खेतियोग्य जमिन सुन बेचेर २०५२ सालमा खरिद गरेको दुई करोड मूल्यको घरघडेरी लिलाम भएपछि अन्यायमा पर्दा चारैतिर हारगुहार मागिरहेको छु ।'

स्थानीय अगुवाहरूलाई लिएर कृषि विकास बैंक शाखा लहानमा पुगेका उनले प्रबन्धक विवेक पौडेलसँग सोधपुछ गर्दा लिलामी भइसेकेकोले केहि गर्न नसकिने जवाफ पाए । किसानहरूले चार दिन अगाडि बैंकमा तालाबन्दी गर्ने तयारी गरेपछि बिहीबारसम्मका लागि प्रबन्धक पौडेलले समय लिएका थिए ।

आज गरेको सहमति अनुसार पीडित किसान रामचन्द्र यादवको जग्गा फिर्ताका लागि कुनै पहल नहुँदा तालाबन्दी गर्नुपरेको पीडित किसान र ामचन्द्र यादवको साथ बैंक आएका किसानहरूले बताए।

यता कृषि विकास बैंक लहान शाखाका प्रबन्धक विवेक पौडेलले लिलामी प्रक्रिया पूरा भइसकेपछि फिर्ता गराउन गरेको पहल सफल हुन नसकेको बताए ।

कृषि विकास बैंक लहान शाखाले निरन्तर किस्ता बुझाउँदै आएका यादवले तीस लाखमध्ये १९ लाख तिरिसकेको अवस्थामा बिना सूचना मिलोमतोमा लिलामी गरेको आशंका देखिएको संघीय सांसद गङ्गा प्रसाद यादवले बताए । उनले यस विषयमा सम्बन्धित निकायमा आफूले पहल थालिसकेको बताए। कहिँबाट जग्गा फिर्ता नभए लहानबाट किसान आन्दोलन हुने चेतावनी सांसद यादव दिए।

बैंकमा तालाबन्दी गर्ने समयमा आक्रोसित किसानहरूको भीडलाई नियन्त्रण गर्न सशस्त्र प्रहरी बल लहान र इलाका प्रहरी कार्यालयबाट आएका प्रहरीलाई केहि समय हम्मेहम्मे परेको थियो ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**मनरा सिस्वा कनगरपालिका, महोत्तरी**


## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

## ट्राफिक नियमको पूर्ण पालनाले.................

यस्तो बताएका हुँन । उनले बर्दिवास नगरपालिकाभित्र हरेक बर्ष गरीने ट्राफिक सम्बन्धि जनचेतना कार्यक्रमले दुर्घटना न्युनिकरणमा ठुलो टेवा पुगेको जनाए ।

प्रमुख क्षेत्रीले चाडैगए भन्न सकिन्न बिस्तारैगए अवश्य पुगिन्छ जथाभाबि बाटो नकाटौ ट्राफिक नियम पालना गरौ भन्ने मुलमन्त्रलाई अबलम्बन गर्न सबैमा आग्रह गरे । क्षेत्रीले ,भने दुर्घटना न्युनिकरण गर्न नगर पालिकाले प्रत्येक बर्ष नगरका मुख्य सडकहरुमा सोलार बती जडान गर्दै आएको छ । केहिदिनभित्रै बर्दिवास स्थित महेन्द्र राजमार्गलाई एसियन र ाजमार्गको मापदण्ड अनुसार स्तर ोन्नती गरीदै छ ।त्यसले यहाँका ब्यपार ब्यवसायलाई कुनैपनि असर पुग्ने छैन ।

राजमार्ग निर्माणका क्रममा यहाँका ब्यवसायलाई कुनै किसिमको असर नपुर्याउनेगरी ब्यवस्था मिलाएको छ । राजमार्ग निर्माणको क्रममा कतिपय स्थानमा ङ्ग लाइओभरसहित अण्डरपास निर्माण गरिनेहुँदा त्यस्ता स्थानको ब्यपार ब्यवसायलाई ठुलै असरपर्ने भएपनी मेरो अनुरोधमा बर्दिवासमा ङ्ग लाइओभरसहित अण्डरपास निर्माण नगरीने भएको छ ।

उनले बर्दिवासभित्र लागुऔषध सेवनकर्ता दिन प्रतिदिन बढ्दै गएकोमा चिन्ता ब्यक्त गर्दै यसको नियन्त्रणकालागी हर ेकबर्ष जनचेतनामुलक कार्यक्रम सञ्चान गरिएको उल्लेख गरे । उनले लागुऔषध नियन्त्रणकालागी नेपाल भारत सिमा क्षेत्रमा कडाईकासाथ प्रहरी प्रसाशनले निगरानी गर्नुपर्नेमा जोड दिए ।

एक फरक प्रसंगमा मेयर क्षेत्रीले बर्दिवास भित्रका केहि संघ संस्थामा नेतृत्व सम्हाल्नेहरु आङ्ग नो कार्यक्षेत्र र जिम्मेवार ीलाई भुलेर अर्काको गलत टिक्का टिप्पनीमा लागेकोले यसले कुनैपनि पक्षलाई फाईदा नपुग्ने उल्लेख गरे । उनले हरेक संघ संस्थामा नेतृत्वगर्नेहरुले म को हुँ र मैले मेरो क्षेत्रमा के के गरे,र, अबका दिनहरुमा के के गर्नु पर्छ ,यस्मा क,कस्को सहकार्यको आवश्यकता छ, भन्ने कुरा बुझेर अघि बढन सकेमात्रै बर्दिवासको भबिस्य सुनौलो बन्न सक्ने विश्वास ब्यक्त गरे ।

यसैगरी विद्यालयस्तरबाटै ट्राफिक सचेतना दिएर दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले जिल्ला ट्राफिक प्रहरी कार्यलय महोत्तर ीले बर्दिवास नगरपालिकाको सहकार्यमा बर्दिवास भित्रका सामुदायिक बिद्यालयहरुमा बिहिबारदेखी ट्राफिक सचेतना कार्यक्रम सञ्चालनको सुरुवात गरेको छ। बर्दिवास नगरपालिका १ स्थित देउराली मा.बि बाट शुरु गरीएको ट्राफिक सचेतना बर्दिवासभित्रका २३ वटा सामुदायिक विद्यालयमा सञ्चालन गर्न लागिएको हो। नगरको राजमार्ग तथा सहायक सडकहरुमा दुर्घटनाको घटना वृद्धि हुन नदिने उदेश्यले कक्षा ९,१०,११ र १२ का बिद्यार्थीलाई ट्राफिक सचेतना मुलक कार्यक्रम गर्न लागिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख तथा प्रहरी निरीक्षक लक्ष्मीराज जोशीले जानकारी दिए ।

उनले बर्दिवास बजारको मुख्य क्षेत्रका विद्यालयका विद्यार्थीले ब्यस्त सडक र राजमार्ग समेत पार गरेर आवागमन गर्नुपर्ने अवस्था रहेकाले विद्यार्थीसँग ट्राफिक प्रहरी कार्यक्रमले उनीहरूलाई दुर्घटनाबाट जोगाउन सहयोग पुग्ने अपेक्षा समेत गरे।

प्रशिक्षण कार्यक्रममा विद्यार्थीलाई सवारीसाधन चलाउँदा आवश्यक कागजात साथमा लिएर हिँड्नुपर्ने, नियम पालना गर्नुपर्ने, सवारी चलाउँदा ध्यान दिनुपर्ने,मापसे गरेर सबारी चलाउन नहुने लगायतका चेतनामूलक विषयको प्रशिक्षण दिइएको हो ।

ट्राफिकले बिद्यार्थीलाई दिएको यो प्रशिक्षण उनको परिवार र समुदायमा समेत सचेतना जगाउन अनुरोध गरेको ट्राफिक प्रहरीले जनाएको छ।

# भारतका पूर्व प्रधानमन्त्री डा.मनमोहन सिंहको निधन




**खबर दर्पण समाचारदाता**

**पुस ११ गते, बर्दिवास**

भारतका पूर्व प्रधानमन्त्री र भार तीय काँग्रेसका वरिष्ठ नेता डा। मनमोहन सिंह ९२ वर्षको उमेर मा बिहीबार निधन भएको छ । स्वास्थ्यमा गम्भीर समस्या आएपछि डा. सिंहलाली बिहीबार साँझ दिल्लीको एआईआईएमएस (एम्स) अस्पतालमा भर्ना गरि एको थियो । स्रोतका अनुसार, मनमोहन सिंह बिहीबार साँझ अस्पतालमा उपचारको क्रममा संसारबाट बिदा भएका हुन् । डा. सिंहले यसै वर्ष राज्यसभा सदस्यको रूपमा आफ्नो ३३ वर्षको सेवा अवधि समाप्त गरेपछि संसदको उच्च सदनबाट अवकाश लिएका थिए । कांग्रेस पार्टीका नेता प्रियंका गांधी र अन्य नेताहरू पनि मनमोहन सिंहको स्वास्थ्यको अवस्था बुझ्न एम्स अस्पताल पुगेका थिए ।

डा. मनमोहन सिंहको निधनले भारतीय राजनीति र विशेष गरी कांग्रेस पार्टीमा ठूलो क्षति पुर्याएको छ । उनको निधनमा पार्टी र देशभरका विभिन्न नेताहरूले शोक ब्यक्त गरेका छन् ।

डा. सिंहले यसै वर्षको सेप्टेम्बर २६ मा आफ्नो ९२औं जन्मदिन मनाएका थिए । सन् १९३२ मा हाल पाकिस्तानमा पर्ने क्षेत्रमा जन्मिएका डा। सिंहलाई पीभी नरसिंह राव नेतृत्वको सरकार द्वारा लागु गरिएका आर्थिक सुधारका प्रमुख योजनाकारको रूपमा श्रेय दिइन्छ ।

यसै वर्ष अप्रिल महिनामा डा. सिंहले आफ्नो विशिष्ट संसदीय करियरको अन्त्य गर्दै राज्यसभा सदस्यबाट अवकाश लिएका थिए । काँग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गेले डा। सिंहको योगदानको प्रशंसा गर्दै आधुनिक भारतको आर्थिक परिदृश्यलाई आकार दिनमा उनको प्रमुख भूमिकालाई स्मरण गरेका थिए ।

सन् १९९१ देखि १९९६ सम्म नरसिंह राव नेतृत्वको सरकार मा वित्त मन्त्रीको रूपमा कार्यरत डा. सिंहले समाजवादी युगका नीतिहरूबाट देशलाई मुक्त गर्दै उदारी कृत अर्थतन्त्रतर्फ लैजान प्रमुख भूमिका खेलेका थिए ।

सन् १९९१ देखि राज्यसभाको सदस्य रहेका डा। सिंहले १९९८ देखि २००४ सम्म प्रतिपक्षी दलका नेता तथा त्यसपछि प्रधानमन्त्रीको रूपमा कार्य गरेका थिए ।

उनले सन् २००४ को आमनिर्वाचनपछि प्रधानमन्त्री पदको शपथ लिएका थिए र २००९ मा दोस्रो कार्यकालका लागि पनि सोही मितिमा पुनः शपथ लिएका थिए ।-एजेन्सी

*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं ।*
*कर तिर्नु सभ्य नागरिकको पहिचान हो,*
*समयमै कर चुक्ता गरौं*

**मटिहानी नगरपालिका कार्यालय,**
**महोत्तरी**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१।०९।१२**

यस कम्पनीको सम्पन्न विशेष साधरण सभाको निर्णय बमोजीम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई साविक कम्पनी ढुकढुकी कन्स्ट्रक्सन प्रा.लि.(प्रा.लि. न. २२८५७६ ) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको जि.एण्ड के बिल्डर्स प्रा.लि ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**बलवा नगरपालिका, महोत्तरी**

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा बिरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# बटेश्वरमा घाइते अवस्थामा निलगाई फेला

खबर दर्पण समाचारदाता
पुस ११ गते, महेन्द्रनगर



धनुषाको बटेश्वर गाउँपालिकामा घाइते अवस्थामा निलगाइ फेला परेको छ। ओ गाई फेला पर पछि उपचारका लागि डिभिजन वन कार्यालय धनुषामा ल्याइएको छ। वनका डिएफओ विनोद सिंहका अनुसार निलगाइको बच्चा रहेको छ निलगाईलाई दूधहरु खानलाई दिइएको छ।

अहिले पशु भेटेनरी कार्यालयका चिकित्सकसंग उपचार गराइदिएको छ। जंगलमा भेटिने निलगाइ उखु र मकैवाली खान गाउँतिर आउने गर्छन्।

निलगाई नेपाललगायतका एसियाली राष्ट्रहरूमा पाइने ठूलो प्रजातिको मृग हो। यसको गाईका जस्ता कान, छोटो र बाङ्गो सिङ, गर्दनमा काला छोटा रौं ,घाँटीमा लामा रौंका गुच्छा हुने र बराँठको जस्तो रङ हुन्छ। यसलाई घोडगधा वा लिलीगाई नामले पनि चिनिन्छ।

# मधेशमा मुख्यमन्त्री सिंहले ल्याउने अध्यादेशको एमालेले विरोध गर्ने



खबर दर्पण समाचारदाता
पुस ११ गते, जनकपुरधाम

मधेश प्रदेश एमाले संसदीय दलको बैठकले मुख्यमन्त्री सतीशकुमार सिंहले ल्याउने अध्यादेशको विरोध गर्ने भएको छ।

त्यस्तै एमालेले प्रदेश सरकारको योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने निर्णयको पनि विरोध गर्ने भएको छ।

मधेश प्रदेशसभा सचिवालयमा संसदीय दलको कार्यालयमा बिहीबार बसेको एमाले संसदीय दलको बैठकमा सरकारमा प्रतिनिधित्व गर्ने मन्त्रीहरूको समीक्षा, सरकाको कार्यशैली बारे छलफल, प्रदेश सरकारको योजना सञ्चालन र मुख्यमन्त्रीले ल्याउन लागेको अध्यादेशको विषयमा छलफल भएको नेकपा एमालेकी प्रदेश सांसद शारदादेवी थापाले बताइन्।

बैठकमा गठबन्धन दलका नेताहरूसँग छलफल नगरी मुख्यमन्त्रीले ल्याउन लागेको अध्यादेशको विरोध गर्ने विषयमा सांसदहरू एकमत भएको उनले बताइन्। प्रदेश सरकारको योजना सञ्चालन गर्न ढिलाइ भएकोले समयमै काम सम्पन्न गर्न उपभोक्ता समितिबाटै योजना सञ्चालन गर्ने एमाले संसदीय दलभित्र सहमति भएको थापाले बताइन्।

# मधेश प्रदेशसभामा बोलाइएको सर्वदलीय बैठक निष्कर्षविहीन

खबर दर्पण समाचारदाता
पुस ११ गते, जनकपुरधाम

मधेश प्रदेशसभामा बोलाइएको सर्वदलीय बैठक निष्कर्षविहीन बनेको छ। बैठकमा मुख्यमन्त्री सतिशकुमार सिंह उपस्थित नभएपछि छलफल अगाडि बढ्न नसकेको बैठकमा सहभागी नेताले बताए। बैठक पुनः शुक्रबार बिहान ८ बजे प्रदेशसभा सचिवालयमा बस्ने सहमति भएको छ।

बैठकमा मुख्यमन्त्री नआए पनि समसमायिक विषयमा छलफल भएको बैठकमा सहभागी लोसपाकी प्रदेश सांसद रुपा यादवले बताइन्।'बजेट ल्याउने बेलामा मुख्यमन्त्रीले गरेको प्रतिबद्धताअनुसार बजेट कार्यन्वयन गर्न नचाहेपछि सर्वदलीय बैठक बोलाइएको थियो,' सांसद यादवले भनिन्, 'बैठकमा सांसदसँग जोडिएका योजनाहरु उपभोक्ता समितिमार्फत र सरकारको ठूला योजना टेण्डर प्रक्रियाबाट अगाडि बढाउने विषयमान छलफल भएको छ।'

शुक्रबार बिहान बस्ने छलफलमा मुख्यमन्त्रीसमेत सहभागी हुने यादवले बताइन्। सर्वदलीय बैठकमा मुख्यमन्त्री सिंहले ल्याउन लागेको अध्यादेशको सबै दलले विरोध गरेको बैठकमा सहभागी सांसदले बताए।


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१



जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं
- दैनिक घाम ताप्ने गरौं।

औरही नगरपालिका, महोत्तरी



शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
बर्दिवास मेडिकल हल
स्वस्तीक मेडिको प्रा. लि.
बर्दिवास, महोत्तरी
सम्पर्क नं. ०४४-५५०२५५, ९८४४०१५६१६

बर्दिवासमा पहिलो CT SCAN सेवा



सुविधा सम्पन्न आफ्नै भवनमा अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवा सहित ३ वर्षे नर्सिङ्ग कलेज भएको महोत्तरीको एकमात्र अस्पताल



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,